# महाभारत गाउँपालिका
## Mahabharat Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive

देवितार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था. २०७३ Estd. : 2073

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प. सं./Letter No. २०८१।०८२ | च. नं./Ref. No.:-

मिति : २०८१।०९।२३
ने.सं. ११४५ पोहेलाथ्व ८ , मंगलबार ।

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

महाभारत गाउँपालिकामा रिक्त रहेको देहायको पद, सङ्ख्या र योग्यता भएको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व दाखिला गरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन आव्हान गरिन्छ । म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । दरखास्त फाराम यस गाउँपालिकाको वेभसाईट www.mahabharatmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं | पद | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२/०८१-८२ | सूचना प्रविधि अधिकृत | १ | १२०० | |

१. आवश्यक शैक्षिक योग्यता र न्यूनतम योग्यता साथै आवश्यक कागजातहरु

> लोक सेवा आयोगले लिने 'कम्प्यूटर अधिकृत' पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयमा कुनै एक विषय लिई स्नातक तह ( BIT, BIM, BBIS, BCIS, BCA, BEIT, BSc.CSIT, BE Electronics and Communication Engineering, BTech. Electronics and Communication Engineering ) उतीर्ण गरेको।

> नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, व्यक्तिगत, विवरण शैक्षिक योग्ताको प्रमाण पत्र (नेपाल बाहिरको भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण)

> दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ र महिलाको हकमा २१वर्ष पुरा भई ४० वर्ष ननाघेको,

> भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,

> नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

२. दरखास्त दिने अन्तिम मिति: २०८१।१०।०८ गते र सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म ।

३. काम गर्नुपर्ने स्थान : महाभारत गाउँकार्यपालिकाको कार्यालय

४. परीक्षाको किसिम: लिखित तथा अन्तरवार्ता

५. सेवा शर्तहरु तथा तलब सुविधा: नेपाल सरकारले तोकेको अधिकृतस्तर छैठौं तहको सुरु तलव स्केल बराबर ।

६. दरखास्त दस्तुर: गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०९३०५३६२१४७०३००५ लक्ष्मी सनराईज बैंक महाभारत शाखामा दाखिला गर्नुपर्ने ।

७. परीक्षा मिति: प्रारम्भिक सूची निर्धारण गर्दा प्रकाशन गरिनेछ ।



CamScanner